# नयाँ वडाका केन्द्र तोक्न र कर्मचारी व्यवस्थापन गर्न गठन भएको कार्यदलको प्रतिवेदन

२०७४, श्रावण

मितिः २०७४।०४।०३

**श्री अध्यक्षज्यू,**
**भूमे गाउँपालिका**
**रुकुम ।**

**विषयः नयाँ वडा कार्यालय र कर्मचारी व्यवस्थापन सम्बन्धमा गठित कार्यदलको प्रतिवेदन ।**

सावि‍कका ५ वटा गाविसहरु तथा रुकुमकोट गाविसको वडा नं. ४ गाभिएर बनेको ९ वडाको भूमे गाउँपालिकाको नयाँ वडाहरु र तिनमा कर्मचारी व्यवस्थापन गर्न मिति २०७४।०३।२७ गते गाउँकार्यपालिकाको निर्णयानुसार गठित कार्यदललाई प्राप्त TOR बमोजिम अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

**प्रतिवेदक**
मनकुमारी बुढा (विष्ट)
रामचन्द्र पुन
धनमान रोका
पञ्चबहादुर रोका
टेकप्रसाद बुढा
चन्द्रसिंह श्रेष्ठ

# भाग १ परिचय

## अध्ययनको पृष्ठभूमी

सार्वजनिक सेवा प्रवाहलाई जनताको अधिकारको रुपमा स्थापित गर्न दैनिक सेवा प्रवाहमा चुस्तता पहिलो शर्त हो। २०७२ सालमा नेपालको संविधान जारी भएपछि नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको छ। शासन व्यवस्थापनमा जनतालाई अधिकाधिक सहभागी बनाउने र जनताको नजिकमा सरकार पुऱ्याउने अभिष्ट पूरा गर्न एकात्मक र केन्द्रीकृत शासन व्यवस्थालाई संघात्मक संरचनामा स्थानीय तहको सरकार हुने व्यवस्था संविधानले गरेको छ। सोही बमोजिम स्थानीय तहको निर्वाचन समेत सम्पन्न भई जनप्रतिनिधिहरु समेत आइसकेको अवस्थामा जनअपेक्षा अत्याधिक आकाशिएको अवस्था छ।

सरकारको काम सुशासन कायम गर्न नीतिगत, संस्थागत र व्यवस्थापकीय पक्षमा जोड दिनु हो । सरकारले आफ्नो कार्यपद्धति, कार्य प्रणालीलाई व्यवस्थित गर्न आफ्ना विभिन्न संयन्त्र गठन गरेको हुन्छ । हरेक संरचनाहरुमा जनशक्तिको व्यवस्थापन सबैभन्दा महत्वपूर्ण हुने भएकाले सही ठाउँमा सही व्यक्ति छनौट गरी कार्यजिम्मेवारी तोक्नु सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनको लागि प्रथम आधार हो। नेपालको संविधानको धारा ३०२ (१) बमोजिम स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ ले जनताले प्रत्यक्ष अनुभूति गर्ने सिफारिश तथा प्रमाणित लगायतका सेवाहरु वडा कार्यालयबाटै हुने व्यवस्था गरेको छ।

साविकका काँक्री, मोराबाङ, महत, काँडा, चुनबाङ र रुकुमकोट गाविसको वडा नं ४ समावेश भई कुल जनसंख्या १८५८९ र २७३.६७ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको भूमे गाउँपालिकामा ९ वडा विभाजन भएका छन् । वडा ९ भएपनि साविकका गाविस ५ मात्र भएकाले हाल ५ वटा संयुक्त वडा कार्यालयबाट सेवा प्रवाह भैरहेको अवस्था छ । जसले गर्दा अन्य वडाका सेवाग्राही मर्कामा परेको गुनासो आउन थालेकाले नवनिर्वाचित पदाधिकारीहरु समेत आइसकेको अवस्थामा तत्काल नयाँ वडाको कार्यालय स्थापना गरी मौजुदा कर्मचारीहरुबाटै व्यवस्थापन गर्ने गरी सम्बन्धित वडाबाटै सेवा प्रवाह गर्नु आवश्यक रहेको छ।

## कार्यदलको गठन र TOR

साविकका ५ वटा गाविसहरु तथा रुकुमकोट गाविसको वडा नं. ४ गाभिएर बनेको ९ वडाको भूमे गाउँपालिकाको नयाँ वडाहरु र तिनमा कर्मचारी व्यवस्थापन गर्न मिति २०७४।०३।२७ गते गाउँकार्यपालिकाको निर्णयानुसार प्राप्त TOR बमोजिम अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन तत्काल पेश गर्न देहाय बमोजिमको ६ सदस्यीय कार्यदल गठन भएको छ ।

**कार्यदल**

| | |
|---|---|
| उपाध्यक्ष, श्री मनकुमारी बुढा (विष्ट) | संयोजक |
| १ नं वडाध्यक्ष, श्री रामचन्द्र पुन | सदस्य |
| ५ नं वडाध्यक्ष, श्री टेकप्रसाद बुढा | सदस्य |
| ७ नं. वडाध्यक्ष, श्री धनमान रोका | सदस्य |
| ८ नं. वडाध्यक्ष, श्री पञ्चबहादुर बुढा | सदस्य |
| कार्यकारी अधिकृत, श्री चन्द्रसिंह श्रेष्ठ | सदस्य-सचिव |

**कार्यदलको TOR**

- नयाँ स्थापना भएका वडाहरुको कार्यालय स्थापनार्थ सबैको पायक पर्ने स्थानमा केन्द्र रहने गरी सिफारिश गर्ने,
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन मौजुदा कर्मचारीको अवस्थाको विश्लेषण गरी आवश्यकतानुसार खटनपटन गर्न र आवश्यक थप कर्मचारीको माग आकृति सिफारिश गर्ने ।

## अध्ययन विधि

- तथ्याङ्क एवं सूचना संकलन तथा विश्लेषण
- कार्यदलमा छलफल
- सरोकारवालाहरुको सुझाव
- वर्तमान परिप्रेक्षमा व्यवस्थापकीय रुपमा देखिएका समस्याहरुको अध्ययन

## अध्ययनको समयसीमा र स्रोत साधन

- नयाँ कार्यालय स्थापना भएको कारण पर्याप्त सूचना तथा जानकारी प्राप्त गरी अध्ययन गर्न कठिन
- पर्याप्त जनशक्ति र सूचना तथा संचार तथा विद्युतको अभावका कारण पर्याप्त अध्ययन र छलफलमा अवरोध ।
- विभिन्न निकायसँगको छलफलको लागि समय लिनुपर्ने तथा पत्राचार गरी राय संकलन गर्नुपर्नेमा समय पर्याप्तता नभएको ।

# भाग २  सूचना तथा तथ्याङ्कको विवरण

## नयाँ वडा र तिनका भूगोलहरु

साविकका काँक्री, मोराबाङ, महत, काँडा, चुनबाङ र रुकुमकोट गाविसको वडा नं ४ समावेश भई कुल जनसंख्या १८५८९ र २७३.६७ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको भूमे गाउँपालिकामा निम्नानुसार ९ वडा विभाजन भएका छन् ।

| वडा नं. | समावेश भएका साविकका गाविसहरु | साविकका वडा नं | साविकको गाविस कार्यालय रहेको स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | काँक्री | ४-७, ९ | | नयाँ |
| २ | काँक्री | १-३, ८ | काँक्री (त्रिवेणी) | |
| ३ | मोराबाङ | १-९ | सिमा (सिसाघारी) | |
| ४ | काँडा | १-३,८,९ | काँडा गाउँ | |
| ५ | काँडा | ४-७ | | नयाँ |
| ६ | महत | १,२,९ | महत गाउँ | |
| ७ | महत | ३-६ | | नयाँ |
| ८ | महत | ७,८ | | नयाँ |
| | रुकुमकोट | ४ | | |
| ९ | चुनबाङ | १-९ | चुनबाङ | |

यस प्रकार साविक काँक्री, काँडा, महत गाविसका ४ स्थानमा ४ नयाँ वडा कार्यालय स्थापना गर्न आवश्यक देखिन्छ।

## मौजुदा कर्मचारीहरुको अवस्था

स्थानीय तहको गठन भएपछि हालसम्म यस गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा रहेको कर्मचारी विवरण देहाय बमोजिम रहेको देखिन्छ।

| क्र.सं | कर्मचारीको नाम थर | पद | कार्यरत कार्यालय | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्द्रसिंह श्रेष्ठ | कार्यकारी अधिकृत | भूमे गाउँपालिका | भूमे गाउँपालिका ३ रुकुम | स्थायी |
| २ | देवीराम थापा | लेखापाल | भूमे गाउँपालिका | मुसिकोट नगरपालिका १ | स्थायी |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | जसीराम खड्का | वडा सचिव (ना.सु.) | वडा नं १ को कार्यालय | मुसिकोट नगरपालिका २ | स्थायी |
| ४ | खम्बु रावत | वडा सचिव | वडा नं ६, ७ र ८ को कार्यालय | मुसिकोट नगरपालिका १ | स्थायी |
| ५ | लोक बहादुर घर्ति | वडा सचिव | वडा नं ३ कार्यालय | मुसिकोट नगरपालिका-१३, रुकुम | स्थायी |
| ६ | निलध्वज पाण्डेय | वडा सचिव | वडा नं ४ र ५ को कार्यालय | मुसिकोट नगरपालिका ७ रुकुम | स्थायी |
| ७ | नविन बिष्ट | वडा सचिव | वडा नं ९ को कार्यालय | मुसिकोट नगरपालिका-१४, रुकुम | स्थायी |
| ८ | सुरेश कुमार शाही | वडा सचिव (प्रशासन तथा लेखा सहायक) | वडा नं २ को कार्यालय | सिस्ने गाउँपालिका ५ रुकुम | स्थायी (स्थानीय निकाय) |
| ९ | लजिम प्रसाद बुढा | प्रशासन तथा लेखा सहायक | वडा नं ४ र ५ को कार्यालय | भूमे गाउँपालिका ४ रुकुम | करार |
| १० | धोका बहादुर घर्ती | प्रशासन तथा लेखा सहायक | वडा नं ३ को कार्यालय | भूमे गाउँपालिका - ३ रुकुम | करार |
| ११ | रञ्जना बुढा | प्रशासन तथा लेखा सहायक | वडा नं ६, ७ र ८ को कार्यालय | भूमे गाउँपालिका ६ रुकुम | करार |
| १२ | रमिला बुढा | प्रशासन तथा लेखा सहायक | वडा नं ९ को कार्यालय | भूमे गाउँपालिका - ९, रुकुम | करार |
| १३ | आस बहादुर पुन | कार्यालय सहयोगी | वडा नं ९ को कार्यालय | भूमे गाउँपालिका - ९, रुकुम | करार |
| १४ | सर्किनी सुनार | कार्यालय सहयोगी | उप स्वास्थ्य चौकी चुनबाङ | भूमे गाउँपालिका - ९, रुकुम | करार |
| १५ | सस्त बहादुर बुढा | कार्यालय सहयोगी | वडा नं ६, ७ र ८ को कार्यालय | भूमे गाउँपालिका ६ रुकुम | करार |
| १६ | ओकबहादुर | कार्यालय सहयोगी | वडा नं ४ र ५ | भूमे गाउँपालिका ४ रुकुम | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| | कामी | | को कार्यालय | | |
| १७ | नरबहादुर नेपाली | कार्यालय सहयोगी | वडा नं १ र २ को कार्यालय | भूमे गाउँपालिका २ रुकुम | करार |

## सेवा प्रवाहका क्रममा देखिएका विद्यमान समस्याहरु

जबसम्म जनताको घरदैलोमा सेवा प्रवाह प्रभावकारी रुपमा सञ्चालन हुँदैन तबसम्म जनताले सरकारप्रति सकारात्मक धारणा निर्माण गर्न सक्दैनन् । तसर्थ, सेवा प्रवाहमा गुणस्तरीयता जनताको मन जित्ने पहिलो आधार हो। स्थानीय तहको निर्वाचन पश्चात जनताको आकांक्षा र अपेक्षा बढी भए पनि सेवा प्रवाहमा तात्विक परिवर्तन भएको पाईंदैन । गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट सेवा प्रवाहका क्रममा देखिएका समस्याहरु देहाय बमोजिम देखिन्छः

- **जनशक्तिको अभावः** तत्कालका लागि ९ जनाको दरबन्दी रहेको गाउँपालिकामा कार्यकारी अधिकृत र लेखापाल गरी २ जना मात्र कर्मचारी रहेको अवस्था छ भने ९ वडा कार्यालयमा ९ वडा सचिव हुनुपर्नेमा ५ जना मात्र वडा सचिव कार्यरत छन् । त्यसैगरी ९ वडामा ५ जना मात्र लेखा तथा प्रशासन सहायक र ४ जना कार्यालय सहयोगी कार्यरत रहेका छन् ।
- **भौतिक पूर्वाधारको अभावः** ९ वडा कार्यालय मध्ये ५ वडा कार्यालयको आफ्नै कार्यालय छ भने बाँकी ४ वडाको कार्यालय नै स्थापना नभएको अवस्था छ। नयाँ ४ वडा कार्यालयहरुमा तत्काल केन्द्र टुङ्गो लगाएर कार्यालय स्थापना गर्नुछ भने अन्य कार्यालयहरुको पनि भौतिक पूर्वाधार पर्याप्त नभएको अवस्था छ।
- **पर्याप्त साधन स्रोतको कमीः** सेवा प्रवाहलाई छिटो छरितो बनाउन सूचना प्रविधिको अधिकतम् उपयोग गर्नुपर्नेमा त्यसो भएको देखिँदैन । साविकका केही गाविसमा कम्प्यूटर ल्यापटप भएपनि कार्यालय प्रयोजनमा कमै प्रयोग भएको पाइन्छ भने अर्कोतिर प्रविधिको प्रयोग गर्न चाहिने आधारभूत कुराहरु इन्टरनेट तथा विद्युतको पनि पहुँच छैन ।
- **कर्मचारी कार्यशैलीः** जनताले तिरेको करबाट वेतन पाइरहेका कर्मचारीहरु जनताप्रति उत्तरदायी हुनुको साटो समयमै काम नगर्ने, खोजेको बेला कार्यालयमा नभेटिने, राम्ररी जवाफ नदिने, फोन नउठाउने, ढिलासुस्ती, अनावश्यक प्रक्रिया लम्बाउने, अल्झाउने गरेको जस्ता गुनासो समेत पाइन्छ।

## सरोकारवालाहरुसँग गरिएको छलफलबाट प्राप्त सुझाव

खासगरी नयाँ वडा कार्यालय कहाँ स्थापना गर्दा उपयुक्त हुन्छ र सार्वजनिक सेवा प्रवाहका लागि के गर्दा थप प्रभावकारी हुन्छ भनी विभिन्न समयमा विभिन्न व्यक्तित्वहरुसँग गरिएको छलफल, जिज्ञासाका आधारमा प्राप्त सुझावहरु निम्नानुसार पाइयो।

- सबैको पायक पर्ने भौतिक पूर्वाधारको सहज प्राप्त हुन सक्ने स्थानमा वडा कार्यालय स्थापना गरेर सेवा प्रवाह गर्नुपर्ने । (वडा नं ८ को हकमा स्थायी रुपमा वडा केन्द्र नतोकी अस्थायी तोक्ने)
- कर्मचारीहरुले जनतालाई हप्काउने, समयमै काम गर्ने, खलंगामा बढी बस्ने भएकाले उनीहरुलाई जनप्रतिनिधिहरुप्रति उत्तरदायी बनाउने र जनप्रतिनिधिहरुले पनि जनताको घरघरमा पुगेर पीर मर्का बुझ्ने काम गर्ने ।
- नपुगेको कर्मचारी तुरुन्त व्यवस्था गर्ने ।
- अहिले भएका अरु (प्रशासन सहायक) कर्मचारीलाई समेत खटाएर नयाँ वडा कार्यालयबाटै सेवा पाइने वातावरण निर्माण गर्नुपर्ने ।

# भाग ३ विश्लेषण

## नयाँ वडाबाट सेवा प्रवाहका लागि कार्यालय रहने केन्द्रका सम्बन्धमा

यस गाउँपालिका अन्तर्गतका ९ वडा मध्ये ५ वडामा साविकका गाविसका कार्यालय रहेका छन् भने बाँकी ४ नयाँ वडाहरुको कार्यालय रहने केन्द्र नै तोकिएको छैन । खासगरी साविकको काँक्री (१ र २), काँडा (४ र ५) र महत (६, ७ र ८) गाविसमा दुई वा दुईभन्दा बढी वडा रहेकाले नयाँ कायम भएका वडाहरुको वडा केन्द्र तोकी तत्काल कार्यालय स्थापना गर्नुपर्ने छ।

## कर्मचारीको मनोविज्ञान र व्यवस्थापन सम्बन्धमा

हिजोको केन्द्रिकृत शासन प्रणाली अन्तर्गत विकेन्द्रिकरणको मोडेलमा स्थापित स्थानीय निकायमा कार्यरत कर्मचारीको मनोविज्ञान र संघात्मक राज्य संरचना अन्तर्गत स्थापित स्थानीय तहले कर्मचारीतन्त्रबाट गरेको अपेक्षा बीच केही ग्याप रहेको देखिन्छ। गाउँपालिका र वडा कार्यालयमा कार्यरत निजामती कर्मचारी लगायत अन्य कर्मचारी स्थानीय तहले मागेअनुरुप स्वतःस्फुर्त रुपमा सहयोग नहुन पनि सक्छ।

यसर्थ, स्थानीय तहको व्यवस्थापन र कर्मचारीको मनोविज्ञान एकनासको रहेको पाइँदैन जुन स्थानीय सरकारको प्रभावकारिताका लागि सकारात्मक होइन ।

## नयाँ वडा अध्यक्षहरुको कार्य वातावरण र आइपर्ने जटिलताका सम्बन्धमा

भर्खरै निर्वाचित वडाध्यक्षहरुको काम, कर्तव्य र अधिकारका सम्बन्धमा पहिलो कुरा त सबै वडाध्यक्ष जानकार रहेको पाइएन। नयाँ संरचना, नयाँ अभ्यास र नयाँ व्यक्ति भएका कारण पनि केही अन्यौलता हुनु स्वभाविकै हो। यद्यपी, व्यवस्थापन र कार्यान्वयनका क्रममा वडाध्यक्षहरुको जिम्मेवारी वडा कार्यालयबाट सेवा प्रवाह र वडा समितिको छलफलको अलावा गाउँ कार्यपालिकाको समेत सदस्य भएको हुँदा क्षमता विकास र समर्पन भाव अर्को महत्वपूर्ण आवश्यकता देखिन्छ।

यसप्रकार क्षेत्राधिकारको हिसाबले वडाध्यक्षको बढी भएपनि वडा सचिव पनि कार्यपालिकाको निर्णय कार्यान्वयनमा उत्तिकै जिम्मेवार भएको हुँदा वडा सचिव नहुँदा नवनिर्वाचित वडाध्यक्षलाई कार्यालय व्यवस्थापन तथा सञ्चालन गर्न असहज वातावरण बन्ने देखिन्छ।

## गुणस्तरीय सेवा प्रवाह सम्बन्धमा

आम जनताले सरकारी सेवा प्राप्त गर्ने क्रममा जति समय र मूल्य तिर्नुपर्छ सोही आधारमा स्थानीय सरकारप्रति भरोसा र विश्वासको विकास हुने भएकाले स्थानीय तहको सरकारले चुस्त र प्रभावकारी सार्वजनिक संस्था निर्माण र गुणस्तरीय सेवा प्रवाह प्रणालीलाई पहिलो शर्तका रुपमा लिनुपर्दछ।

खासगरी वडा कार्यालयबाट हुने सेवा प्रवाहका सम्बन्धमा सबै ९ वटै वडा कार्यालयबाट हुने सेवाको किसिम र पद्धतिमा एकरुपता ल्याई कहीँ कतै पनि गुनासो नआउने वातावरण सिर्जना गर्न सकिएको खण्डमा कार्यपद्धति र संस्कारको विकास हुने निश्चित छ। त्यसपछि विस्तारै न्यूनतम् जनशक्तिले अधिकतम् प्रतिफल दिने गरी कर्मचारीको क्षमता विकास, काम प्रतिको समर्पणका साथै निष्ठा र इमान्दारितालाई प्रवर्द्धनतर्फ पनि ध्यान दिनु आवश्यक देखिन्छ। वडा कार्यालयको सेवा प्रणाली प्रभावकारी बनाउन पर्याप्त साधन र स्रोतको व्यवस्था गर्नु पनि अत्यावश्यक देखिन्छ।

# भाग ४ निश्कर्ष तथा सुझाव

## निश्कर्ष

नेपालको संविधानले निर्दिष्ट गरेको समन्यायिक माध्ययमबाट लोककल्याणकारी राज्य स्थापना गर्ने, सबै धर्म, संस्कृतिको जगेर्ना गरेर राष्ट्रिय एकता कायम गर्ने, दिगो आर्थिक विकास तथा न्यायोचित वितरण सहितको समृद्ध अर्थतन्त्रको विकास गर्ने राजनीतिक, सामाजिक र आर्थिक उद्देश्य पूरा गर्न नयाँ संरचनाको स्थानीय तहका सरकार निकै जिम्मेवार हुने गर्दछन् । जबसम्म जनताको घरदैलोमा सार्वजनिक सेवा प्रवाह गुणस्तरीय र प्रभावकारी रुपमा पुग्दैन तबसम्म जनताले सरकारप्रति सकारात्मक धारणा निर्माण गर्न सक्दैनन् । तसर्थ, सेवा प्रवाहमा गुणस्तरीयता जनताको मन जित्ने पहिलो आधार हो। स्थानीय तहको निर्वाचन पश्चात जनताको आकांक्षा र अपेक्षा बढी भए पनि सेवा प्रवाहमा तात्विक परिवर्तन भएको पाईंदैन ।

स्थानीय निर्वाचन सम्पन्न भई सबै वडाका वडाध्यक्ष पनि निर्वाचित भैसकेको अवस्थामा पनि संयुक्त वडा कार्यालयबाट सेवा प्रवाहले सेवाग्राहीको अपेक्षा पूरा गर्न नसक्नुका साथै नयाँ संरचना प्रति जनताको पुरानै धारणा स्थापित हुन सक्छ। खासगरी वडा सचिवहरुको आवश्यक दरबन्दी अनुरुप परिपूर्ति नहुनु, नयाँ वडाको कार्यालय रहने स्थान र खटिने कर्मचारीको टुङ्गो नलाग्नुका साथै भएका कर्मचारी पनि कार्यालयमा नबसी सदरमुकाम लगायत अन्यत्र रहँदा सेवाग्राहीको आक्रोश समेत बढिरहेको अवस्था छ। अर्कोतिर काम गर्न चाहे पनि वडाध्यक्षलाई सहयोग गर्ने कर्मचारी समेत छैनन् । यस्तो अवस्थामा अर्को व्यवस्था नभएसम्मको लागि तत्काल नयाँ वडाहरुको कार्यालय स्थापना गर्न वडा केन्द्र तोक्ने र ती वडामा मौजुदा कर्मचारीबाटै व्यवस्थापन गरी खटनपटन कार्य अघि बढाउन आवश्यक छ।

## सुझाव

स्थानीय तह निर्वाचन, २०७४ दोस्रो चरण (२०७४।०३।१४) बाट भूमे गाउँपालिकामा निर्वाचित सबै पदाधिकारीहरुले पद तथा गोपनियताको सपथ ग्रहण र पदभार ग्रहण गरिसकेपछि सबैभन्दा पहिलो जिम्मेवारी भनेको जनतालाई नयाँ शासन व्यवस्थाको अनुभूति दिलाउन नजिकबाट सहज सेवा प्रवाहको सुनिश्चितता गर्नु हो। साविकका काँक्री, मोराबाङ, महत, काँडा, चुनबाङ र रुकुमकोट गाविसको वडा नं ४ समावेश भई बनेको भूमे गाउँपालिकामा ९ वडा विभाजन भएका छन् । वडा ९ भएपनि साविकका गाविस ५ मात्र भएकाले हाल ५ वटा संयुक्त वडा कार्यालयबाट सेवा प्रवाह भैरहेको अवस्था छ । जसले गर्दा अन्य वडाका सेवाग्राही मर्कामा परेको गुनासो आउन थालेकाले नवनिर्वाचित पदाधिकारीहरु समेत आइसकेको अवस्थामा तत्काल नयाँ वडाको कार्यालय स्थापना गरी मौजुदा कर्मचारीहरुबाटै व्यवस्थापन गर्ने गरी सम्बन्धित वडाबाटै सेवा प्रवाह गर्नु आवश्यक रहेको छ।

खासगरी नयाँ वडा कार्यालय कहाँ स्थापना गर्दा उपयुक्त हुन्छ र सार्वजनिक सेवा प्रवाहका लागि के गर्दा थप प्रभावकारी हुन्छ भनी विभिन्न समयमा विभिन्न व्यक्तित्वहरुसँग गरिएको छलफल, जिज्ञासा र सुझावका देहाय बमोजिमको विषयगत सिफारिश सहितको सुझाव पेश गर्दछौं ।

<u>तत्कालीन आवश्यकता</u>

**(१) नयाँ वडा कार्यालय स्थापनाको लागि केन्द्रः**

यस गाउँपालिका अन्तर्गतका नौ वडा मध्ये पाँच वडा कार्यालयहरुबाट साविकका पाँच गाविसको कार्यालयबाट सेवा प्रवाह गर्न सकिने भएकाले चार नयाँ वडा कार्यालयहरुको कार्यालय स्थापना गरी सेवा प्रवाह गर्न तत्कालका लागि देहाय बमोजिम वडा केन्द्र तोक्नेः

| वडा नं. | समावेश भएका साविकका गाविसहरु | साविकका वडा नं | साविकको गाविस कार्यालय रहेको स्थान | नयाँ वडाको केन्द्र तोक्न सकिने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | काँक्री | ४-७, ९ | - | लुकम | नयाँ |
| २ | काँक्री | १-३, ८ | काँक्री (त्रिवेणी) | - | |
| ३ | मोराबाङ | १-९ | सिमा (सिसाघारी) | - | |
| ४ | काँडा | १-३,८,९ | काँडा गाउँ | - | |
| ५ | काँडा | ४-७ | - | सेराबाङ | नयाँ |
| ६ | महत | १,२,९ | महत गाउँ | - | |
| ७ | महत | ३-६ | - | धर्मशाला | नयाँ |
| ८ | महत | ७,८ | | पोखरापाटा | नयाँ |
| | रुकुमकोट | ४ | | | |
| ९ | चुनबाङ | १-९ | चुनबाङ | - | |

**(२) मौजुदा कर्मचारी व्यवस्थापन**

एउटा वडा कार्यालयमा ३ जना (वडा सचिव, प्रशासन तथा लेखा सहायक र कार्यालय सहयोगी) कर्मचारीको दरबन्दी रहे तापनि यस गाउँपालिका अन्तर्गतका नौ वडा कार्यालयका लागि प्रयाप्त कर्मचारी नभएकाले अर्को व्यवस्था नभएसम्का लागि नयाँ वडा कार्यालयमा वडाध्यक्षलाई प्रशासनिक काममा सहयोग गर्न प्रशासन तथा लेखा सहायक पदका कर्मचारीहरुलाई समेत वडा सचिवको जिम्मेवारी दिनुपर्ने देखिन्छ। जसका लागि नयाँ वडाहरुका देहाय बमोजिमका कर्मचारी खटाउने

| क्र.सं | कर्मचारीको नाम थर | पद | हाल कार्यरत कार्यालय | जिम्मेवारी तोकिएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| ३ | जसीराम खड्का | वडा सचिव (ना.सु.) | वडा नं १ को कार्यालय | १ नं वडा कार्यालय | स्थायी |
| ४ | खम्बु रावत | वडा सचिव | वडा नं ६,७ र ८ को कार्यालय | ६ नं वडा कार्यालय | स्थायी |
| ५ | लोक बहादुर घर्ति | वडा सचिव | वडा नं ३ कार्यालय | ३ नं वडा कार्यालय | स्थायी |
| ६ | निलध्वज पाण्डेय | वडा सचिव | वडा नं ४ र ५ को कार्यालय | ४ नं वडा कार्यालय | स्थायी |
| ७ | नविन बिष्ट | वडा सचिव | वडा नं ९ को कार्यालय | ९ नं वडा कार्यालय | स्थायी |
| ८ | सुरेश कुमार शाही | वडा सचिव (प्रशासन तथा लेखा सहायक) | वडा नं २ को कार्यालय | २ नं वडा कार्यालय | स्थायी (स्थानीय निकाय) |
| ९ | लजिम प्रसाद बुढा | प्रशासन तथा लेखा सहायक | वडा नं ४ र ५ को कार्यालय | ५ नं वडा कार्यालय | करार |
| १० | धोका बहादुर घर्ती | प्रशासन तथा लेखा सहायक | वडा नं ३ को कार्यालय | ८ नं वडा कार्यालयय | करार |
| ११ | रञ्जना बुढा | प्रशासन तथा लेखा सहायक | वडा नं ६,७ र ८ को कार्यालय | ७ नं वडा कार्यालय | करार |

(३) <u>कार्य वातावरण तथा स्रोत साधन</u>

वडा कार्यालयहरुबाट नियमित सेवा प्रवाहलाई प्रवाभकारी रुपमा प्रवाह गर्न तत्काल नयाँ वडा कार्यालयहरुलाई न्यूनतम् आवश्यक कुराहरु कार्यालय कोठा, स्टेशनरी सामाग्री, कुर्सी टेबलको व्यवस्था गर्ने र निकट दिनमै प्रविधिमा आधारित सेवा प्रवाहलाई समेत ध्यान दिई आवश्यक स्रोत साधन व्यवस्था गर्ने ।